

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २१० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन २९ गते आइतबार ❑ 14 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मंसिर ३ गते १८ वर्ष पूरा भएकाले मतदान गर्न पाउने

**रासस**
**काठमाडौं, २८ साउन**

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचनको अघिल्लो दिन १८ वर्ष पूरा भएका मतदाताले मतदान गर्न पाउने भएका छन् ।

आगामी मङ्सिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदातालाई मतदान गर्न पाउने व्यवस्था गरिएको आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो । त्यसका लागि मतदाता सूचीमा नाम दर्ता भएको हुनुपर्नेछ । आयोगले गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा पनि निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेर मतदाता सूचीमा नाम भएका मतदातालाई मतदानमा सहभागी हुन पाउने व्यवस्था गरेको थियो । त्यसअघिका निर्वाचनमा निर्वाचनको मिति घोषणा भएको दिनसम्म १८ वर्ष पूरा भएका नागरिकलाई मात्र मतदानको व्यवस्था गर्दै आइएको थियो ।

आसन्न निर्वाचनमा करिब एक लाख त्यस्ता मतदाताले मतदान गर्न पाउने आयोगको अनुमान छ । निर्वाचनको मिति घोषणा भएको दिनदेखि मतदानको दिनसम्म १८ वर्ष पूरा हुने व्यक्तिले मतदान गर्न नपाउने व्यवस्था थियो । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन आगामी मङ्सिर ४ गते देशभर एकै चरणमा निर्वाचन हुँदैछ ।

गत वैशाख २९ गतेसम्म ८७ लाख ४१ हजार ५३० महिला, ८९ लाख ९२ हजार १० पुरुष र एकसय ८३ अन्य गरी एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता १८ वर्ष पूरा भएका आयोगले जनाएको छ । स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएपछि आयोगले गत असार १ देखि मतदाता नामावली सङ्कलन सुरु गरेको थियो । सरकारले यही साउन १९ गते आगामी मङ्सिर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन गर्ने निर्णय गरेको थियो । निर्वाचनको मिति घोषणा भएसँगै आयोगले साउन २० गतेदेखि मतदाता नामावली सङ्कलनको काम स्थगन गरेको थियो । आगामी भदौ १२ देखि १९ गतेसम्म निर्वाचन कार्यालयमा पुगी मतदाता नामावली अद्यावधिक

बाँकी अन्तिम पृष्ठमा ▶▶



दिवंगत आफन्तको सम्झनामा मनाईने गाईजात्रा पर्वका अवसरमा शनिबार पोखरामा निकालिएको गाईजात्रा । यो वर्ष जनैपूर्णिमा र गाईजात्रा एकै दिन शुक्रबार परेपनि जनैपूर्णिमाको भोलिपल्ट गाईजात्रा निकाल्ने प्रचलन अनुरुप यहाँका नेवार समुदायले शनिबार गाईजात्रा मनाएका छन् । तस्वीर :कृष्ण दवाडी

## सरकारद्वारा मिटरब्याजीविरुद्ध उजुरी दिन आह्वान

**रासस**
**काठमाडौं, २८ साउन**

सरकारले मिटरब्याजीविरुद्ध बढीभन्दा बढी तथ्य र प्रमाण जुट्ने गरी स्थानीय प्रशासन कार्यालयमा उजुरी दिन पीडितहरुमा आह्वान गरेको छ ।

मिटरब्याजी अपराध नियन्त्रणका लागि प्रधानमन्त्री शेरबहादुर देउवाको निर्देशनपछि शुक्रबार मात्रै गृहमन्त्रीस्तरीय निर्णयबाट मिटरब्याजी अपराध नियन्त्रणका सिफारिस गर्न गठित कार्यदलले शनिबार एक सूचना जारी गरी आगामी भदौ ५ गते भित्रमा उजुरी दर्ता गर्न आग्रह गरेको हो ।

'मुलुकभर नै मिटरब्याजीको जालो फैलिएको हुनसक्ने अवस्थालाई मध्यनजर गरी मिटरब्याज पीडितबाट त्यस्ता मिटरब्याजीले गरेका अपराध र शोषणविरुद्ध आ-आफ्नो जिल्लास्थित प्रशासन कार्यालयमा आगामी भदौ ५ गतेभित्र यथासम्भव बढी तथ्य र प्रमाणसहित उजुरी दर्ता गर्न सार्वजनिक सूचना जारी गरिएको छ', कार्यदलका संयोजक डा भीष्मकुमार भुसालद्वारा जारी सूचनामा भनिएको छ ।

मिटरब्याजीहरुले निरक्षर, गरिब तथा आर्थिकरुपले अफ्ठेरो परिस्थितिमा रहेका व्यक्तिमाथि गरेको शोषणको शृङ्खलाले सयौँ परिवारको बिचल्ली भएको समाचारहरु सार्वजनिक भइरहेका छन् । त्यस्ता आर्थिक अपराधमा संलग्नलाई कानुनको दायरामा ल्याई कारबाही गर्ने प्रक्रिया चलिरहेको गृहमन्त्रालयले जनाएको छ । अझै धेरै पीडितहरु आफ्नो पीडा सार्वजनिक गर्न वा कानुनी उपचारका लागि पहल गर्न नसक्ने अबस्थामा रहेको मन्त्रालयको निष्कर्ष छ । मन्त्रालयले कार्यदल गठन भएको एक घण्टा भित्रैमा नवलपरासी पश्चिमको प्रतापपुर र सुस्ता गाउँपालिकाबाट सङ्गठित भई काठमाडौँ माइतीघर मण्डलामा धर्ना दिँदै आएका मिटरब्याज तथा ठगीविरुद्ध किसान, मजदुर सङ्घर्ष समितिसँग काठमाडौँका प्रजिअ नेतृत्वको टोलीले वार्तासमेत गरिसकेको जनाएको छ ।

उक्त समस्या नवलपरासीमा मात्रै नभई अधिकांश जिल्लाहरुमा रहेको हुनसक्ने भएकाले स्थानीय प्रशासनमा उजुरी दर्ता गर्न आह्वान गरिएको हो । गृहमन्त्रालयले शुक्रबारमात्रै मन्त्रालयका सहसचिव डा भुसालको संयोजकत्वमा प्रहरीको केन्द्रीय अनसुन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्य, गृह मन्त्रालयका कानुन उपसचिव श्रीकृष्णपौडेल, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक मुकुन्द मरहठ्ठा सदस्य रहेको कर्यादल गठन गरेको थियो ।

कार्यदलको सदस्यसचिवमा ब्यूरोका प्रहरी नायब उपरीक्षक रोशन खड्कालाई तोकिएको छ । कार्यदललाई एक महिनाभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिइएको छ । कार्यदललाई मिटरब्याजी समस्या बढी भएका जिल्लामा स्थलगत भ्रमण गरी समस्याका कारण तथा समाधानका उपाय पहिचान गर्ने, मिटरब्याजीमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन अन्तर-निकाय समन्वय र सहकार्य गर्ने तथा आगामी दिनमा यस्तो अपराध न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी छ ।

## तनहुँमा अरिङ्गालले टोकेर एकजनाको मृत्यु

**पोखरापत्र संवाददाता**
**तनहुँ, २८ साउन**

तनहुँको म्याग्दे गाउँपालिका-५ छाङपाटनमा अरिङ्गालले टोकेर एकजनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा स्थानीय ३१ वर्षीय टोपबहादुर कुमाल रहेका छन् । सिसौको रुखमा रहेको अरिङ्गालको गोला बिहीबार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा घान्द्रुकको वृत्तचित्र प्रदर्शन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ साउन**

लामा अमृत फाउण्डेशन घान्द्रुकद्धारा निर्माण गरेको घान्द्रुकको (कौंड नाश) वृत्तचित्र पोखरामा प्रदर्शन भएको छ ।

ब्रेजमेश्रो फिल्म प्रोडक्शन घान्द्रुकको ब्यानरमा निर्मित वृत्तचित्र आज (शनिबार) पोखरा महानगरपालिका १० स्थित भमरकोट पार्टी प्यालेसमा विशेष प्रदर्शन गरिएको हो ।



उक्त वृत्तचित्र प्रर्दशनको उद्घाटन गण्डकी प्रदेशका निवर्तमान आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले गरे ।

सो अवसरमा बोल्दै गुरुङले विश्वका पर्यटकको पहिलो रोजाइमा घान्द्रुक पर्ने बताउदै पछिल्लो समय घान्द्रुकको परिचय फराकिलो भएको बताए । 'यस गाउँको पर्यटकीय महत्व र साँस्कृतिक महत्व लगायत विभिन्न महत्वहरु जुन छ हामीले वर्णन गरिरहन पर्दैन, उनले भने, 'त्यो सबै यो वृत्तचित्रमा समेतिएको छ। त्यसैले पनि घान्द्रुक सौँच्चिकैको पर्यटकीय गुरुङ गाउँको रुपमा लोकप्रिय बनेको छ ।' उनले घान्द्रुकको लोकप्रियतालाई अझ उक्त वृत्तचित्रले थप प्रष्ट्याएको उल्लेख गरे । 'यो वृत्तचित्रको घान्द्रुकको लोकप्रियता र पर्यटकीय महत्व तथा साँस्कृतिक महत्वलाई थप प्रष्ट पारेको छ ।' अर्थमन्त्री गुरुङले भने । उनले आफु पहिलोपटक २०३६ सालमा घान्द्रुक पुगको स्मरण गर्दै अहिलेसम्मको विकासको बारेमा बुझ्न उत्सुकता लागेकै कारण वृत्तचित्र हेर्न आइपुगेको बताए । 'म पहिलो पटक ३६ सालमा घान्द्रुक पुगेको थिए । र राजनैनिक कार्यक्रमकै लागि धेरै पहिले दोस्रो पटक पनि पुगेको थिए । यो वृत्तचित्रको पोस्टर देखेपछि हेर्न इच्छा लागेको थियो, उनले भने, 'त्यसैले पहिलेको घान्द्रुक र अहिलेको घान्द्रुकमा के भिन्नता रहेछ भन्ने उत्सुकता लागेर हेर्न आएको हुँ ।' उक्त प्रर्दशनमा घान्द्रुकका स्थानीय बासिन्दा, कलाकार, समाजसेवी तथा व्यवसायीहरुको सहभागिता रहेको वृत्तचित्र निर्माता लामा अमृत फाउण्डेशन घान्द्रुकका संस्थापक अमृत गुरुङले जानकारी दिए। उनका अनुसार फाउण्डेशनले निर्माण गरेको उक्त वृत्तचित्रमा सन्तोष कोन्मेको निर्देशन, जितेश प्रधान र युनिश गुरुङको लेखन, शिव मुखियाको संगीत र सञ्जय मल्लको आवाजले सिँगारिएको छ। भने बार डिजिटल पोखरामा रेकर्ड गरिएको हो ।उक्त वृत्तचित्रमा पर्यटकीय क्षेत्र घान्द्रुक गाउँ तथा आसपासको प्राकृतिक सौन्दर्यता, तमु समुदायसँग सम्बन्धित संस्कृति, भाषा, कला, धर्म तथा संस्कृतिलाई चित्रण गरिएको छ। साथै सो क्षेत्रका बासिन्दाको दैनिकीको बारेमा समेत समावेश गरिएको छ। घान्द्रुक गाउँमै पहिलो पटक प्रदर्शन गरि औपचारिक सुरुवात गरेको वृत्तचित्रलाई पोखरासँगै देशका अन्य मुख्य शहरहरु काठमाडौँ तथा चितवन लगायतका स्थानमा प्रर्दशन गर्ने तयारी रहेको फाउण्डेशनका संस्थापक लामा गुरुङले बताए । उनका अनुसार उक्त वृत्तचित्रलाई विदेशमासमेत प्रर्दशन गरिने तयारी थालिएको छ ।




# गण्डकी प्रदेशका जिल्लामा राष्ट्रिय खेलकुद प्रतियोगिताको रौनक देखिदै

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ साउन**

आगामी असोज २८ गतेबाट कार्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको रौनक गण्डकी प्रदेशका जिल्लाहरुमा देखिन थालेको छ । प्रदेशका अधिकांश जिल्ला आफनो जिल्लामा खेल सञ्चालन गर्ने जिम्मेवारी लिन आतुर रहेको पाइएको छ। प्रतियोगिताको तयारी स्वरुप शनिबार नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अर्न्तगत खेल मैदान व्यवस्थापन उपसमितिका संयोजक एवं राष्ट्रिय खेलकुद परिषद सदस्य राजेश कुमार गुरुङ नेतृत्वको टोली गण्डकी प्रदेशका म्याग्दी, बाग्लुङ र पर्वत जिल्लामा पुग्दा यस्तो देखिएको हो ।



टोलीले ती जिल्लामा पुगेर तत् तत् जिल्लाको जिल्ला खेलकुद विकास समितिको नेतृत्व, स्थानीय निकायका जनप्रतिनिधि, खेलाडी, खेल प्रशिक्षकसँग छलफल गरेको छ । छलफलका क्रममा ३९ वर्षपछि गण्डकी प्रदेशमा आयोजना हुन लागेको खेलकुद प्रतियोगिता सफल पार्न सघाउने प्रतिबद्धता गरेका छन् । प्रतियोगिता अर्न्तगतका कुनै पनि खेल खेलाउने जिम्मेवारी प्राप्त गरेमा सम्पन्न गर्न आफूहरु तयार रहेको उनीहरुको भनाई थियो । छलफल तथा खेलमैदान निरिक्षणका क्रममा आफ्नो जिल्लाको अवस्थाको आधारमा दिइने खेल आयोजनाको जिम्मा लिन तयार रहेको बताए । म्याग्दी जिल्लाको बेनीमा आयोजित छलफल कार्यक्रममा बेनी नगरपालिकाका मेयर सुरज कुमार केसीले प्रतियोगिताको तयारी सुरु भैसकेको बताए। गण्डकी प्रदेशका भलिवल, तेक्वान्दो लगायतका विभिन्न खेलमा म्याग्दीबाट नेतृत्व सहितको प्रतिनिधित्व हुने गरेको भन्दै उनले प्राविधिक टिमले पुर्वाधार पुगेन भनेर समय दियो भने बनाउन तयार रहेको समेत बताए । प्रतियोगिताको लागि केही बजेट छुट्ट्याइसकेको उनले खुलाए ।

'गण्डकी प्रदेशमा नवौं प्रतियोगिता आयोजना हुँदा कुनै पनि खेल म्याग्दीमा पुगेन भने दुर्भाग्य हुने भएकोले हाम्रो जिल्लामा खेल आउनुपर्छ भन्ने हाम्रो दावी हो' मेयर केसीले भने । प्रतियोगिता सञ्चालन गर्ने जिम्मा आयो भने गण्डकी प्रदेशका ११ जिल्ला मध्ये सबैभन्दा राम्रो आफ्नो जिल्लामा हुने ठोकुवा समेत उनले गरे ।

जिल्ला खेलकुद विकास समिति म्याग्दीका अध्यक्ष दीनेश केसीले सम्भव भएमा महिला भलिवल, पुरुष भलिवल र तेक्वान्दोका खेल सञ्चालन गर्ने जिम्मेवारी दिन आग्रह गरें । बेनी नगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष रमेश कुमार श्रेष्ठले सबैको सहकार्यमा प्रतियोगीतालाई सम्पन्न गरिने बताए । जिल्लामा पुग्ने खेलाडी, प्रशिक्षक तथा अतिथिको आतिथ्यतामा कुनै कसर बाँकी नराख्ने उनको प्रतिबद्धता थियो । जिल्लामा रहेका पर्यटकिय ठाउँको अवलोकनको व्यवस्था मिलाउने उनले सुनाए । तेक्वान्दोका सहायक प्रशिक्षक कर्ण प्रधानले तेक्वान्दोको लागि इन्डोर समस्या नभएको बताए । खेल खेलाउन र प्रशिक्षण गराउनको लागि पर्याप्त ठाउँ भएको उनको भनाई थियो । यसैगरी बाग्लुङमा आयोजित छलफल कार्यक्रममा जिल्ला खेलकुद विकास समिति बाग्लुङका अध्यक्ष कुमार खड्काले आफुहरुलाई खेल सञ्चालन गर्ने जिम्मेवारी दिएमा कुशलतापूर्वक सम्पन्न गर्ने बताए । बाग्लुङ नगरपालिकाका मेयर बसन्त कुमार श्रेष्ठले पनि प्रतियोगीताका खेल आफ्नो जिल्लामा सञ्चालन गर्ने अवसर आएमा सहयोग गर्न तयार रहेको सुनाए । जिल्ला खेलकुद विकास समिति बाग्लुङका सचिव तारा शर्माले बाग्लुङ जिल्लाले सुटिङ खेल सञ्चालन गर्ने जिम्मेवारी प्राप्त गर्न सके सजिलो हुने बताइन् । अन्य कुनैपनि खेल सञ्चालन गर्ने जिम्मेवारी प्राप्त भए त्यसलाई स्विकार गरेर सम्पन्न गरिने उनको भनाई थियो। कोषाध्यक्ष कल्पना श्रेष्ठले छिटो भन्दा छिटो जिम्मेवारी सम्बन्धी निर्णय भएमा तयारीलाई तिव्रता दिन सजिलो हुने सुनाइन् । समयमानै जिम्मेवारी पाउन सके प्रतियोगिता भव्य बनाउन सजिलो हुने अन्य सहभागीको भनाई थियो । यसैगरी पर्वतमा आयोजित छलफल कार्यक्रममा जिल्ला खेलकुद विकास समिति पर्वतका अध्यक्ष हर्कमान गुरुङले प्रतियोगिता अर्न्तगतका खेलहरु सञ्चालन गर्न आफूहरु तयार रहेको बताए । पर्वतको लागि महिला भलिवल, पुरुष भलिवल वा तेक्वान्दो खेलको जिम्मेवारी पाउन सके राम्रो हुने उनको भनाई थियो । कुश्मा नगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष इश्वर गिरीले प्रतियोगितालाई सम्पन्न गर्न सहयोग गर्ने प्रतिबद्धता जनाए। तीनै ठाउँको छलफल तथा खेल मैदान निरिक्षण कार्यक्रममा बोल्दै खेल मैदान व्यवस्थापन उपसमितिका संयोजक एवं राष्ट्रिय खेलकुद परिषद सदस्य राजेश कुमार गुरुङले आफ्नो जिल्लामा प्रतियोगिता सञ्चालन गर्ने इच्छा प्रकट गरेकोमा आभार व्यक्त गरें । जिल्लाको आकांक्षाको बारेमा मुल आयोजक समितिमा आफूले कुरा पुऱ्याउने र निर्णय गराउने प्रतिवद्धता उनको थियो । सबै जिल्लामा तयारीलाई तिव्रता पार्न उनले आग्रह गरे । 'खेलाडी तथा प्रशिक्षकको बसोबास, खेल मैदान, इन्डोर हल, आवातजावात लगायतको लागि गुनासो नआउने गरि तयारी गर्नुहोस्' उनले भने । खेल सञ्चालन तथा प्राटिक्स गर्ने सम्भावित ठाउँहरुको बारेमा विवरण संकलन गरि फोटो तथा भिडियो मार्फत पठाउन समेत सदस्य गुरुङले निर्देशन दिए। समय धेरै नभएकोले काममा ध्यान दिदै अगाडि बढ्नुपर्नेमा उनको जोड थियो । 'भौतिक, नैतिक तथा आर्थिक रुपमा तयार भएर बस्नुहोस्' उनले थपे । कास्की भन्दा बाहिरका जिल्लामा देखिएको रौनकता र खेल सञ्चालन गर्ने इच्छाले आफूलाई उत्साहित बनाएको उनको प्रतिक्रिया थियो ।

राखेप सदस्य गुरुङ नेतृत्वको टोलीमा जिल्ला खेलकुद विकास समिति सदस्य मनिषा गुभाजु, जिल्ला क्रिकेट संघ कास्कीका सह-सचिव विजय रावत, क्रिकेट कोच कृषिकेश शर्मा, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव राजाराम पौडेल रहेका थिए। नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ११ टिमले ३६ खेलका ४०७ इभेन्टमा पदकको लागि प्रतिष्पर्धा गर्नेछन् ।

# बिटी क्लबको अध्यक्षमा 'असिम'

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ साउन**

पोखरा महानगरपालिका १ मा सक्रिय रहदैं आएको बुद्ध टोल युवा क्लबको अध्यक्षमा असिम थापा चयन भएका छन् ।

शनिबार सम्पन्न क्लबको दोस्रो अधिवेशनबाट २ वर्षे कार्यकालका लागि असिम थापाको नेतृत्वमा १५ सदस्यीय कार्यसमिति निर्विरोध चयन भएका हुन् ।

थापा नेतृत्व समितिको उपाध्यक्षमा सन्तोष गुरुङ, सचिवमा रेशम सापकोटा, सह-सचिवमा विकास केसी र कोषाध्यक्षमा दिपक कार्की



सर्वसम्मत चयन भएको अध्यक्ष थापाले जानकारी दिए । उनका अनुसार समितिको सदस्यहरुमा कैलास गुरुङ, अनुप पुन, अर्जुन परियार, बिनोद गुरुङ, निकेश गुरुङ, संगम दर्जी, कुमार गुरुङ, राज गुरुङ, अनिता गुरुङ र एनि गुरुङ चुनिएकी छिन् । त्यसैगरि समितिको सल्लाहकारमा प्रदीप राई, राधा गुरुङ, मुक्ति सागर गुरुङ र बिनिता गुरुङलाई चयन भएका छन् ।

सामाजिक क्रियाकलाप तथा खेलकुदमा विशेष सक्रिय रहदैं आएको सो क्लबले स्वर्गीय विरेन गुरुङको स्मृतिमा प्रत्येक वर्ष पोखराकै सर्वाधिक राशीको 'सेभेन ए साइड नकआउट फुटबल प्रतियोगिता' आयोजना गर्दै आएको छ । सो क्लबले कोरोना महामारीको समयमा केयौं विपन्न परिवारलाई राहात स्वरुप खाद्यान्नका समाग्री तथा स्वास्थ्य समाग्रीहरु प्रदान समेत गरेको थियो । यसअघि क्लबको अध्यक्षका रुपमा विजया गुरुङले नेतृत्व गर्दै आएकी थिइन् ।

# तनहुँमा उद्योग स्थापना: सय बढीलाई रोजगारी

**पोखरापत्र संवाददाता**
**तनहुँ, २८ साउन**

चार व्यक्ति मिलेर व्यास नगरपालिका-११ स्थित दुम्सीमा वेदव्यास मल्टिपर्पोज उड एन्ड काष्ठ इन्डष्ट्रिज सञ्चालनमा ल्याइएका छन् ।

उद्योग सञ्चालनमा ल्याएसँगै स्थानीय मानिससहित एक सय बीसजनाले प्रत्यक्ष रोजगारी पाएका छन् । गण्डकी प्रदेशकै दोस्रो ठूलो भनी जिकिर गरिएको उद्योग जिल्लामा स्थापना भएसँगै युवायुवतीलाई आत्मनिर्भर बन्न सहयोग मिलेको छ । उद्योगमा आवश्यक पर्ने सबै उपकरण ल्याएपछि उत्पादन सुरु भइरहेको उक्त इन्डष्टिजका अध्यक्ष सूर्य तामाङले जानकारी दिनुभयो । सो उद्योगमा अहिले दैनिक पाँच सय थान प्लाइ, एक सयभन्दा बढी थान ढोका र ५० थान चौकोसलगायत सामान उत्पादन भइरहेको छ । स्थानीय सूर्य तामाङ, बाबुराम उप्रेती, बाबुराम पुरी र भुपाल आलेको करिब रु १२ करोडको सामूहिक लगानीमा उद्योग सञ्चालन गरिएको हो । अहिले उद्योगमा उत्पादित वस्तु जिल्लाभित्रै खपत हुँदै आएकाले आगामी दिनमा बाह्य जिल्लामा पनि विस्तार गर्ने योजना बनाइएको सञ्चालकहरुले बताए । उद्योग सञ्चालनका लागि सोह्र रोपनी जग्गा रु ६५ लाखमा खरिद गरी १० रोपनी जग्गा व्यक्तिसँग भाडामा लिइएको उहाँको भनाइ थियो । केही गरौं र स्वदेशमा रोजगारी सिर्जना गरौं भन्ने उद्देश्यले उद्योग सञ्चालन गरिएको इन्डष्ट्रिजका अर्का सञ्चालक एवं सचिव बाबुराम उप्रेतीले जानकारी दिनुभयो । उप्रेती डिभिजन वन कार्यालयबाट सहायक वन अधिकृत पदबाट अवकाश प्राप्त व्यक्ति हुन भने अन्य तीन व्यवसायी स्थानीय हुन् । करिब दुई सयसम्म जनशक्तिलाई गाउँमै रोजगारी दिन सकिने लक्ष्य रहेको सञ्चालकहरुले बताए। जिल्लामा यस्ता किसिमका उद्योग कलकारखाना सञ्चालन गरेको खण्डमा युवायुवती रोजगारीको सिलसिलामा विदेसिनु पर्ने अवस्थामा न्यूनीकरण गर्न सकिने अर्का सञ्चालक बाबुराम पुरीले बताउनुभयो। उक्त उद्योगमा बिजुलीको लाइन गएको समयमा समस्या नहोस् भनी हालै मात्र भारतबाट जेनेटर ल्याई जडानसमेत गरिसकिएको छ।

# निर्वाचनका लागि ४० दल दर्ता

**रासस**
**काठमाडौं, २८ साउन**

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि शनिबार अपराह्नसम्म विभिन्न ४० राजनीतिक दलले दल दर्ता गराएका छन् ।

राष्ट्रिय मान्यता प्राप्त नेकपा (एमाले), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेकपा (एकीकृत समाजवादी) लगायत दलले आसन्न निर्वाचनमा भाग लिने प्रयोजनका लागि दल दर्ता गराएको आयोगले जनाएको छ । आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिनका लागि यही साउन २२ देखि ३१ गतेसम्म दल दर्ताका लागि आह्वान गरेको छ ।

सार्वजनिक बिदाका दिन पनि आयोगको कार्यालय खुला रहने र निर्वाचनसँग सम्बन्धित काम नियमितरुपमा सम्पादन हुने जनाइएको छ । यही साउन १९ गतेसम्म आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिन आयोगमा दल दर्ता गर्नुपर्छ । शनिबार पनि दल दर्ता गर्ने क्रम चलिरहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो । आगामी मङ्सिर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन हुँदैछ।

# समाजवादी विद्यार्थी युनियन गण्डकीको अध्यक्षमा विषम

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ साउन**

समाजवादी विद्यार्थी युनियन गण्डकी प्रदेशको अध्यक्षमा विषम भुजेल सर्वसम्मत चयन भएका छन् ।



जनता समाजवादी पार्टीको भातृसंगठन समाजवादी विद्यार्थी युनियन गण्डकी प्रदेशको अध्यक्षमा विषम भुजेल सर्वसम्मत निर्वाचित भएका हुन् । शनिबार पोखरामा सम्पन्न पार्टीको पुनर्गठन तथा विस्तारित भेलाले भुजेलको अध्यक्षतामा ३१ सदस्य कार्यसमिति चयन गरेको हो । वरिष्ठ उपाध्यक्षमा दिपक तामाङ, उपाध्यक्षमा माया पुन मगर, मुख्य सचिवमा नविन कुमार यादव, सचिवमा मोहन तामाङ, कोषाध्यक्षमा निकिता थापा मगर चयन भएका छन् ।

सदस्यहरुमा लाप्पा तामाङ, मनिल तामाङ, कान्छी गुरुङ, मनिक गुरुङ, आशिष तामाङ, सुदिप तामाङ, रोशन मगर, नविन भुजेल, प्रकाश भुजेल, अन्जन भुजेल र उषा शर्मा चयन भएका हुन् ।

## तनहुँमा...

राति पोल्ने क्रममा कुमाल घाइते भएका थिए ।

उनको गण्डकी अस्पतालमा उपचारका क्रममा शनिबार मृत्यु भएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो ।

अरिङ्गालले टोकेर घाइते कुमाललाई तत्कालै शुभलक्ष्मी पोलिक्लिनिक भिमाद हुँदै थप उपचारका लागि कास्कीको पोखरा पठाइएको थियो ।

## मंसिरमा...

गर्न सकिने आयोगले जनाएको छ । सो अवधिमा नामावलीमा भएको त्रुटि सच्याउने, कसैले झुठा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, दोहोरो नामावली भएको भए हटाउन निवेदन दिने, एकाघर परिवारको सदस्यको मृत्यु भएमा हटाउन निवेदन दिने, एकै वडाका दुई वा दुईभन्दा बढी मतदानस्थल भएकामा पायक पर्ने मतदानस्थलमा नाम सार्न सकिनेछ । नामावली अद्यावधिक गर्न इमेल, फ्याक्स तथा अनलाइनबाट निवेदन दिन सकिने आयोगले जनाएको छ । मतदाता नामावली अद्यावधिक भएपश्चात् आगामी भदौ ३१ गते अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– बी.पी.कोइराला

## सम्पादकीय

# सधैंको गाईजात्रा

नेवार समुदायले काठमाडौं उपत्यकामा मनाउने गाईजात्रा अहिले देशका मुख्य शहरहरुमा मनाउने गरिएको छ । गाईजात्रालाई साँस्कृतिक पर्वको रुपमा मनाइने गरिएको छ । काठमाडौं उपत्यका लगायत बनेपा, पनौती, धुलीखेल, पोखरा, तानसेन, बुटवल, गोर्खा, नारायणगढ, धरान, धनकुटा, बिराटनगर, भद्रपुर लगायतका शहरहरुमा गाईजात्रा मनाउने गरिन्छ । काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिने गरिन्छ । यस वर्षदेखि देशभरका नेवार समुदायले विदा पाउने भएका छन् । गाइजात्रा काठमाडौं उपत्यकामा मात्र सिमित नरही देशब्यापी बनेको छ । गाईजात्राले जन्मपछि मृत्यु अवश्य हुन्छ जीवनको अनिवार्य प्रकृया हो भनेर बुझाउने काम गर्दछ । मृतकको फोटो सहितको भाकी, बाजागाजा, गाई र व्यङ्ग्यात्मक प्रर्दशन गराउने चलन राजा प्रताप मल्लले चलाएका थिए । प्रताप मल्लका नावालक छोराको मृत्यु पछि रानी विक्षिप्त भईन । उनलाई केही गरि सम्फाउन नसकेपछि राजा प्रताप मल्लले एउटा उपाय रचे । त्यस वर्षभरी राज्यमा मृत्यु भएका नागरिकका आफन्तलाई गाई सहित दरवार अगाडि रानीले देख्ने गरि जात्रा निकाल्न आव्हान गरेका थिए । त्यही वेलादेखि गाईजात्रा निकाल्न थालिएको हो । गाईजात्रा नेपालको सास्कृतिक पर्वको रुपमा मनाउने गरिएको छ । समाजमा व्याप्त विकृति, विसंगति, कुरीति र कुशासनलाई हास्यव्यङ्ग्यको माध्यमबाट प्रकट गर्ने पर्वको रुपमा गाईजात्रालाई लिने गरिएको छ । देशमा राजनीतिक मुल्य र मान्यता सबै भत्केको वेला सधै गाइजात्रा भएको छ । गाईजात्रामा व्यङ्ग, साँस्कृतिक भाँकी, नृत्य लगायत विभिन्न कार्यक्रम गरी मनाइन्छ । नेवार समुदायमा मनाइने गाईजात्रा पर्वले नेपालको साँस्कृतिक महत्व राख्दछ ।

नेपालका मौलिक संस्कृतिमाथि चौतर्फी आक्रमण भइरहेको बेलामा गाईजात्राको महत्वलाई जोगाई राख्नु संस्कृतिकर्मीहरुले पहल गर्नुपर्ने बेला भएको छ । गाईजात्रामा प्रदर्शन गरिने व्यङ्ग्य, सांस्कृतिक नृत्य तथा भाँकीले यस्को महत्व भल्काउने गर्दछ । हाम्रो शासन व्यवस्था, सामाजिक आर्थिक तथा साँस्कृतिक क्षेत्रको विकृति एवं विसंगतिलाई बर्षको एक पटक गाईजात्राको बेलामा हास्यव्यङ्ग्य, कार्टुन, फाँकी, नृत्य प्रदर्शन गरिन्छ । सजिलै विरोध जनाउन वा चित्त नबुझेको कुरामा टिप्पणी गर्न सधैं नसकिने हुदाँ गाईजात्राको बेला गर्दा सहज हुने गर्दथ्यो । अहिले विभिन्न सञ्चारका माध्यमवाट विरोध जनाउन सकिने अवस्था छ । विरोधलाई रचनात्मक वा सृजनात्मक रुपले जनतासामु ल्याउने अवसर भनेकै गाईजात्रा हो । देशको शासन व्यवस्था, राजनैतिक दलका नेता, प्रशासक, न्यायामुर्ति, सुरक्षाकर्मी, उद्योगी, व्यापारी एवं विभिन्न पेशा व्यवसायका अगुवाहरुको बारेमा टिप्पणी गर्ने अवसर नै गाईजात्रा हो । गाईजात्राको माध्यमबाट व्यङ्गकारहरुले आफ्नो प्रतिभा देखाउने, प्रहसन गर्ने, क्यारीकेचर गरेर मनोञ्जन दिन पनि सकिन्छ । नेपालमा अभिव्यक्ति स्वतन्त्रतालाई संविधानले ग्यारेण्टी गरे पनि कानुन बनाएर संकुचन बनाउन खोजिएको छ । एक हातले दिएर अर्को हातले खोस्ने काम नहोस भनेर खवरदारी गर्नुपर्ने बेला आएको छ ।

वर्ष दिनमा एक पटक देशको अवस्थाबारे जनताले बुझ्ने मौका गाईजात्रा हो । तर अहिले गठबन्धन सरकार, राजनैतिक दलका नेता, मन्त्री, राष्ट्रसेवक, सुरक्षाकर्मी, व्यापारी लगायत विभिन्न पेशाका व्यक्तिहरुले गरेको व्यवहारले बर्षभरी नै गाईजात्रा मनाए जस्तै भएको छ । देशको हरेक क्षेत्रको गतिविधि गाईजात्रे पाराले चल्दै आएको हुदा जनताले परिवर्तनको अनुभुति गर्न पाएका छैनन् । देशमा सरकार छ तर जनताले सरकारबाट आहत पाएका छन्गठबन्धन सरकारका कारण प्रशासन कमजोर छ । एउटै दल पनि गुट र उपगुटले ग्रसित भएका छन । सत्ताको खेलमा रमाइरहने नेता र पदको लागि पार्टी, सिद्धान्त, मुल्य मान्यता तिलान्जली दिने संसद कारणदलीया व्यस्थालाई नै काम नलाग्ने होकि भन्ने अवस्थामा नेताहरुले पुऱ्याएका छन । मिलेर बसेकाहरुलाई आपसमा लडाउनेहरु सकृय हुन थालेका छन् । भ्रष्टाचार मौलाएको छ । नेपालको आर्थिक अवस्था कमजोर छआर्थिक अनुशासन नहुँदा देश श्रीलंकाको अवस्थामा जाने हो कि भन्ने अवस्था छ आर्थिक अवस्था कमजोर भएको बेला कसरी जनतालाई राहत दिने, आर्थिक गतिविधि चलायमान गराउने र सुरक्षाको प्रत्याभुति दिलाउन छोडेर नेताहरु भोटका लागि नागरिकता बाँड्ने खेलमा व्यस्त छन् ।

चुनावमा सत्तारुढदलहरू मिलेर प्रतिपक्षी राष्ट्रियताका पक्षधरलाई हराउन महागठबन्धन बनाउनेतर्फ केन्द्रीत छन । देश र जनताको हितमा एक हुनुपर्ने बेला आपसमा मनमुटाव देखाएर महागाईजात्रा प्रदर्शन गरेका छन् । व्यङ्गकार, कलाकारले देखाउने गाईजात्रे सिंहदरबारदेखि स्थानीय तहसम्म आईपुगेको छ । हरेक क्षेत्र गाईजात्रे तरिकाले चलेकाले नेपालको अवस्थाले देशको पहिचान पनि हराउने हो कि भन्ने आशंका बढेर गएको छ । देशमा व्याप्त कुशासन, भ्रष्टाचार, अत्याचार, भेदभावको अन्त्य गरी सबै जातजातिको संस्कृतिको संरक्षण र संवद्धन गर्न, सुशासन कायम गर्न, भ्रष्टाचारीलाई कारवाही गर्न र न्यायपूर्ण समाज निर्माण हुन सकेमा साँस्कृतिक पर्वको महत्व बढ्नेछ ।

## चार कलाकारलाई 'धवल मोती सम्मान'

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ साउन**

धवल कला मन्दिरले बर्सेनि प्रदान गर्ने 'धवल मोती सम्मान'बाट यस वर्ष यहाँका चार कलाकार सम्मानित हुने भएका छन् । विसं २०७८ को उक्त सम्मान कलाकार नारायणप्रसाद श्रेष्ठलाई मृत्युपर्यन्त र मुकुन्द शाक्यलाई प्रदान गर्न लागिएको हो ।

यस्तै यस वर्षको 'धवल मोती सम्मान' कलाकारद्वय वेदविक्रम शाक्य र मधुसुदन श्रेष्ठलाई प्रदान गरिने भएको हो । संस्थाका अध्यक्ष काजी रोशनले कला र सङ्गीत साधनाकामार्फत समाजमा पुऱ्याएको योगदानबापत उहाँलाई सम्मान गर्ने निर्णय भएको जानकारी दिनुभयो ।

आगामी भदौ ११ गते मोती जयन्तीका अवसरमा आयोजना हुने समारोहमा सम्मान प्रदान गरिने जनाइएको छ । यसअघि उक्त सम्मानबाट कलाकार महेशचन्द्र प्रधान, रमेशकुमार राजभण्डारीलगायत सम्मानित भइसक्नुभएको छ । सोही समारोहमा सार्थक प्रकाशनका तर्फबाट 'सार्थक मोती सम्मान' र स्मृति प्रकाशनका तर्फबाट 'स्मृति युवा सम्मान' प्रदान गर्ने कार्यक्रम तय भएको जनाइएको छ ।

गत वर्ष कोभिड–१९ का कारण मोती जयन्ती समारोह स्थगन भएपछि दुई वर्षको सम्मान एकैसाथ प्रदान गर्न लागिएको हो । कला, सङ्गीत र साहित्य क्षेत्रमा क्रियाशील व्यक्तित्वलाई सम्मान गर्ने गरिएको छ ।

## अन्नपूर्ण बाल तथा महिला अस्पतालमा निशुल्क स्वास्थ्य शिविर सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ साउन**




पोखरा महानगर पालीका वडा नं १० शिवचोकमा अवस्थित अन्नपुर्ण बाल तथा महिला अस्पतालले कुडहर आधाभूत विद्यालयका विद्यार्थी शिक्षक तथा बिध्यार्थीका अभिवावकहरुको निःशूल्क स्वास्थ्य परिक्षण गरेको छ ।

अस्पतालले आफ्नो सामाजिक उत्तरदायित्व स्वरुप यस्ता खालका सामाजिक कार्यहरु गर्दै आईरहेको अस्पतालका सन्चालक सन्तोष पान्डेले बताउनुभयो । पोखरामानै पहिलो पटक महिला तथा बालबाकिा अस्पतालको रुपमा सर्वशुलभ मुल्यमा छिटो छरितो र स्तरिय सेवा प्रदान गर्दै आइरहेको बताउदै आगामि दिनमा थप स्तरिय, छरितो र सर्वसुलभ बनाउन लागिपर्ने वताउनुभयो । अस्पतालका अध्यक्ष विश्व घिमिरेले यस्ता सामाजिक उत्तरदायित्व कामहरुलाइ निरन्तरता दिदै जाने जानकारी दिनुभयो । वताउनुभया शिविरमा ९० जना बिध्यार्थी तथा तिनका अभिवावकहरुले स्वास्थ्य परिक्षण गराएका छन् । उक्त स्वास्थ्य शिविरमा जनरल परिक्षण, पिसाव परिक्षण, दाँत परिक्षण साथै आँखा तथा कानको परिक्षण गरिएको थियो । अस्पतालले विद्यार्थी शिक्षकलाई सबै खाले उपचारमा २५ प्रतिशत सहुलियत दिने बारेमा पनि सहमती भएको छ । विद्यालयको तर्फबाट विद्यालयका प्रध्यानाध्यापक निलकण्ठ पाठकको उपस्थिती रहेको थियो । अघिल्लो वर्ष विद्यालयमा भएको शिविर फलदायी भयकोले यस वर्ष पनि अस्पताललाइ आग्रह गरिएको प्र.अ.पाठकले जानकारि दिए । स्वास्थ्य परिक्षणमा बालरोग बिषेशज्ञ डा. किरण शर्मा, विधान घिमिरे साथै सुगर प्रेशर तथा थाईराईड रोग बिषेशज्ञ फिजिसियन डा. सुरज लामिछाने लगाएतको उपस्थिती रहेको थियो ।

शिविरको महत्व वारेमा प्रकास पार्दै बालरोग विशेषज्ञ डा. किरण शर्माले वालवालिकाले डाक्टर संगको परामर्श बिना औषधि सेवनले वालवालिकामा गम्भिर खालका असर देखिने भएकोले अनावश्यक औषधि डाक्टर परामर्श बिना सेवन नर्गन आग्रह गरे । रामघाट युवा कल्वका सचिव अमित गुरुङको बिषेश संयोजनमा उक्त कार्यक्रम सम्पन्न भएको हो । सामाजिक क्षेत्रमा सक्रिय क्लवले यस्ता कार्यक्रमलाइ निरन्तर अगाडि बढाउने सचिव गुरुङले वताउनुभयो ।

## २६३ संक्रमित थपिए, दुईको मृत्यु

**रासस**
**काठमाडौं, २८ साउन**

कोरोना भाइरसको सङ्क्रमण शनिबार २६३ मा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनमा तीन हजार एक सय ६५ मा गरिएको परीक्षणमध्ये दुई सय ६३ मा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको हो ।

सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार चार सय ३४ पुगेको छ ।

यस्तै शनिबार कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई पाँच सय एक जना घर फर्किएका छन् । मन्त्रालयका अनुसार आज कोरोना भाइरसको सङ्क्रमणबाट दुई जनाको निधन भएको छ । अहिलेसम्म ११ हजार नौ सय ८६ को सङ्क्रमणबाट निधन भएको छ । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर तथा दुई सयभन्दा बढी सङ्क्रमित भएको जिल्ला मोरङ रहेको छ । सङ्क्रमित शून्य भएका जिल्ला मनाङ, कालीकोट, दार्चुला र हुम्ला रहेका छन् ।

मन्त्रालयका अनुसार होम आइसोलेसनमा पाँच हजार दुई सय २८, संस्थागत आइसोलेसनमा दुई सय छ, सघन उपचार कक्ष (आइसियु)मा ६१ र भेन्टिलेटरमा चार जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा एक लाख २७ हजार तीन सय २१ ले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

## रघुगङ्गामा स्वास्थ्य चौकीको भवन निर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ साउन**

म्याग्दीको रघुगङ्गा गाउँपालिका–५ भिँमा स्वास्थ्य चौकीको भवन निर्माण गरिएको छ । सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले सुविधा सम्पन्न भवन निर्माण गरेपछि साँघुरो कोठा भएको जीर्ण भवनबाट सेवा प्रवाह गर्नुपर्ने बाध्यता हटेको छ ।

आयोजनाका इञ्जिनियर प्रवीणप्रताप अधिकारीका अनुसार रु एक करोड ५४ लाखको लागतमा दुईतले नौकोठे भवन निर्माण गरिएको हो । "तत्कालीन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले रघुगङ्गा–१ बेगखोलामा भवन निर्माणको सम्भौता गरेको थियो," उहाँले भन्नुभयो, "बेगखोलामा गाउँपालिकाले अस्पतालको भवन बनाउने निर्णय गरेपछि स्वास्थ्य चौकीको भवन भिँमा स्थानान्तरण गरिएको हो ।"

विसं २०७७ असार ११ गते तिलक निर्माण बागलुङसँग ठेक्का सम्फौता भएको भवन निर्माण कार्य राष्ट्रिय पुनःनिर्माण प्राधिकरण विघटन भएपछि आयोजनाको कार्यालयलाई हस्तान्तरण भएको थियो । पन्ध्र महिनाको ठेक्काको म्याद कोरोना, स्थान परिवर्तन र जग्गा व्यवस्थापनका कारण २०७९ असार मसान्तसम्म थपिएको थियो । तिलक निर्माण सेवाका सञ्चालक भुपेन्द्र खड्काले सात महिनामा भवन निर्माण गरेर हस्तान्तरण गरेको बताउनुभयो ।

भिँमा गत पुस/माघ महिनामा सामुदायिक भवन भएको ठाउँको जग्गा व्यवस्थापन गरेपछि भवन निर्माण थालिएको थियो । भवन परिसरमा घेराबार, त्यहाँसम्म पुग्ने पदमार्ग, सडक र पहिरो रोकथामका लागि पर्खाल निर्माण भएको छ । भवनमा बिरामी उपचार, प्रशासन, औषधि भण्डारण, स्वास्थ्यकर्मीको कार्यकक्ष, आवास र प्रसूतिका लागि फरक फरक कोठा छन् । साँघुरो, पुरानो र जीर्ण भवनबाट सञ्चालन भइरहेको स्वास्थ्य चौकीलाई नयाँ भवनमा सारिएको वडाध्यक्ष मनबहादुर शेरपुन्जाले बताउनुभयो ।

सुविधासम्पन्न भवन निर्माणसँगै स्वास्थ्य चौकीको सेवाप्रभावकारी र सहज हुने उहाँले अपेक्षा गर्नुभयो । गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बेगखोलामा अस्पताल बनाउने निर्णय भएपछि धेरै मेहनत गरेर भिँमा स्वास्थ्य चौकी भवन स्थानान्तरण र निर्माण गर्न सफल भएको बताउनुभयो । स्थानान्तरणको प्रक्रिया र जग्गा व्यवस्थापन गर्न समय लागे पनि भवन निर्माण छिटो भएको उहाँले बताउनुभयो ।

## कांग्रेसले निर्वाचन आयोगमा दल दर्ता गर्ने

**रासस**
**काठमाडौं, २८ साउन**

नेपाली कांग्रेस, केन्द्रीय कार्यसम्पादन समितिको शनिबार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकले निर्वाचन आयोगमा दल दर्ता गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा पार्टी सभापति शेरबहादुर देउवाको सभापतित्वमा शनिबार बसेको बैठकले आगामी मङ्सिर ४ गते आइतबार सम्पन्न हुन गइरहेको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचनमा प्रणाली र समानुपातिक निर्वाचनमा भाग लिन पार्टीलाई निर्वाचन आयोगमा दल दर्ता गर्ने निर्णय गरेको हो । नेपालको संविधानको धारा २६९ तथा राजनीति दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम निर्वाचन आयोगमा दल दर्ता गर्न पार्टीले नेपाली कांग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेललाई जिम्मेवारी दिएको छ । बैठकले महामन्त्री विश्वप्रकाश शर्माले प्रस्तुत गर्नुभएको प्रस्तावलाई सर्वसम्मतिले पारित गर्दै पार्टीका तर्फबाट उम्मेदवार हुने व्यक्तिलाई मनोनयनको औपचारिक पत्र प्रदान गर्ने जिम्मेवारी पार्टी सभापति शेरबहादुर देउवालाई सुम्पिएको छ ।

पार्टीका मुख्यसचिव पौडेलद्वारा जारी प्रेस विज्ञप्तिमा मङ्सिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा निर्वाचनमा पार्टीको विधानको धारा ३२ (८) (क), (ख), (ग) बमोजिम तथा प्रदेशसभा सदस्यको प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवारीका लागि पार्टी विधानको धारा ३२ (७) (क), (ख), (ग) र (घ) अनुसारको प्रक्रिया पुऱ्याई उम्मेदवारको नाम प्रस्ताव र सिफारिस गर्नका लागि पार्टीको सम्बन्धित निकायलाई उपयुक्त समयमा केन्द्रीय कार्यालयमार्फत निर्देशन दिनुका साथै पार्टीको निर्वाचन केन्द्रित राष्ट्रियव्यापी कार्यक्रम भदौ १० देखि २४ गतेसम्म सञ्चालन गर्ने निर्णय गरेको छ ।

## युवामैत्री स्थानीय शासन विस्तार गरिने

**रासस**
**काठमाडौं, २८ साउन**

लगानी र क्षमतावृद्धिसहित युवामैत्री स्थानीय शासन अभियानलाई विस्तार गरिने भएको छ । 'युवामैत्री विश्व निर्माणमा अन्तरपुस्ता एक्यबद्धता' नाराका साथ मनाइएको अन्तर ष्ट्रिय युवा दिवसका अवसरमा युवामैत्री स्थानीय शासनसम्बन्धी हालसम्मका उपलब्धि, सिकाइ र भावी कार्यदिशाबारे आज आयोजित छलफल कार्यक्रममा सो प्रतिवद्धता जनाइएको हो ।

सो अवसरमा मुलुकको समग्र विकासमा युवामैत्री स्थानीय शासनको आवश्यकतालाई ध्यान दिएर राष्ट्रिय युवा परिषद्, जागृति बाल तथा युवा सरोकार नेपाल, संयुक्त राष्ट्रसङ्घीय विकास कोष (युएनडिपी) र राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) नेपालको संयुक्त प्रयासमा अभियानलाई विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । अभियानअन्तर्गत तीन सयभन्दा बढी सरोकारवालाको संलग्नतामा युवामैत्री स्थानीय शासन दिग्दर्शन, २०७५ को परिमार्जन र युवामैत्री स्थानीय शासन क्षमता विकास निर्देशिका तयार गरिएको छ ।

युवामैत्री स्थानीय शासन प्रवर्द्धनको पहिलो चरणमा देशका सातै प्रदेशका एकएक स्थानीय तहको छनोट गरी सम्बन्धित तहका जनप्रतिनिधि, कर्मचारी, विभिन्न निजी क्षेत्रका युवा प्रतिनिधि तथा युवाका सवालमा प्रमुख सरोकारवालाका लागि दिने युवामैत्री स्थानीय शासनसँग क्षमता अभिवृद्धि कार्यक्रम गरिएको थियो । प्रदेशस्तरमा भएको उक्त अनुभवलाई विस्तार गर्न वक्ताले आग्रह गरेका थिए । राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले युवाको मुद्दाका दृष्टिकोणले मैत्रीपूर्ण बनाउने अहिलेको सान्दर्भिक सवाल रहेको र नीति निर्माण प्रक्रियामा युवाको सहभागिता अत्यावश्यक रहेको बताउनुभयो । हालको प्रयास कम रहेको र अझ बढी लगानी तथा योगदानको आवश्यकता रहेको उल्लेख गर्दै उपाध्यक्ष बस्नेतले उपयुक्त वातावरण निर्माणका लागि परिषद्ले कार्य गरिरहेको र संवैधानिक तथा नीतिगत युवासँग सम्बन्धित व्यवस्थालाई कार्यान्वयनका साथ युवामैत्री शासन प्रवर्द्धनका लागि निरन्तर समन्वयको प्रतिबद्धता जाहेर गर्नुभयो ।

युएनडिपीका आवसीय प्रतिनिधि आइसानी लाभेले युवामा धेरै समस्या उत्पन्न भएका वितृष्णा उत्पन्न हुने भएकाले त्यस्ता समस्या परेको बेलामा सुनिदिने स्थान (निकाय) हुने वातावरण निर्माण गर्न आग्रह गर्नुभयो । युनिसेफका आवासीय उपप्रतिनिधि उषा मिश्रले नेपालमा केही वर्षपछि ज्येष्ठ नागरिकको सङ्ख्या धेरै हुने भएकाले वर्तमान समयमा युवा तथा बालबालिकामा बृहत् लगानीको आवश्यकता रहेको बताउनुभयो । जागृति बाल तथा युवा सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेलले युवामैत्री अभियानमा सबै युवासँग सम्बन्धित सरोकारवालाले योगदान पुऱ्याउनुपर्ने बताउनुभयो ।

## कालीगण्डकी नदीले बगाउँदा वृद्ध बेपत्ता

**रासस**
**तनहुँ, २८ साउन**

तनहुँको देवघाट गाउँपालिका–५ बेणी सङ्गमस्थित कालीगण्डकी नदीमा नुहाउने क्रममा शुक्रबार एक वृद्धलाई बगाउँदा बेपत्ता भएका छन् ।

यसरी बेपत्ता हुनेमा दोलखा जिल्ला वैधेश्वर गाउँपालिका–३ बस्ने ७६ वर्षीय जङ्गबहादुर खड्का रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

कालीगण्डकी किनारमा नुहाउने क्रममा अचानक नदीले बगाई बेपत्ता बनाएपछि तत्काल प्रहरी परिचालन गरी खोजलतास गरे पनि फेला पार्न नसकिएको प्रहरीले जनाएको छ । साँफ अबेरसम्म प्रहरी टोलीले खोजतलास गर्दा फेला नपरेको र खोजी जारी रहेको तनहुँका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक भमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : भमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

# प्रसिद्ध भैरवस्थानमा हरेलो मेला

रासस
बलेवा, २८ साउन

बलेवा कालभैरवको प्रचारप्रसार र प्रवर्द्धनका लागि हरेलो मेला लाग्ने भएको छ।

पहिलो पटक बागलुङ नगरपालिकाको पहलमा बागलुङ नगरपालिका-१२ अमलाचौर स्थित भैरवको मन्दिर परिसरमा भदौको पहिलो मङ्गलबार हरेलो मेला लाग्ने भएको हो।

हरेलो मेला व्यवस्थापनका लागि स्थानीयको भेलाले राजु हमालको अध्यक्षतामा हरेलो मेला व्यवस्थापन समिति गठन गरेको छ। बलेवा क्षेत्रमा पर्ने छ वडाका सर्वसाधारणको भेलामा उपस्थिति थियो। आउँदो भदौ ६ र ७ गते मेला गर्ने तय भएको समितिका अध्यक्ष हमालले बताउनुभयो। "पहिलो पटक हामीले मेला आयोजना गर्दैछौँ। यसअघि भदौ पहिलो साता भैर वस्थानमा परम्परागत पूजाआजा मात्रै हुने गरेको थियो", उहाँले भन्नुभयो।मेलामाभजनप्रतियोगिता, पञ्चेबाजा प्रतियोगिता, तीज गीत प्रतियोगिता र विभिन्न झाँकी तथा कलाकारको प्रस्तुति रहने अध्यक्ष हमालले बताउनुभयो। मेला व्यवस्थापनका लागि विभिन्न उपसमिति गठन गरिएको छ।

"यो ऐतिहासिक मेला हो, हरेलो मेलालले भैरवस्थानको प्रचारप्रसार र धार्मिक पर्यटन विकासमा ठूलो अर्थ राख्ने छ", बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले भन्नुभयो, "मेलालाई निरन्तरता दिनुपर्छ।" मेला व्यवस्थापनका लागि नगरपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट विनियोजन गरेको छ। भैर वस्थान मन्दिर हरेक मङ्गलबार र शनिबारमात्रै खुल्छ। बाइसे-चौबीसे राजाका पालादेखि बलेवा कोटअन्तर्गतका सबै क्षेत्रमा भदौको पहिलो मङ्गलबार हरेलो पर्व मनाउने चलन छ। खेतीपाती सकेपछि कीरा-फट्याङ्ग्रा र बाढीपहिरो नलागोस् भनेर यो पर्व मनाउने चलन रहेको बलेवा, पैँयुपाटाका भवानीप्रसाद रिजालले बताउनुभयो। यो पर्वकाअवसरमा कालभैरवको पूजाआजा र प्रार्थना गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ। दसैंको नवमीको दिन पनि कालभैरवमा भीड लाग्ने गरेको बागलुङ-१२ अमलाचौरका वडाध्यक्ष कोपिलामणि शर्माले बताउनुभयो। बलेवा कालभैरव साविकको पश्चिमाञ्चलकै प्रसिद्ध तीर्थस्थल हो। कालभैरवलाई पशुबलिसँगै नरिवल र फलफूल चढाउने चलन छ। कालभैरवमा बलि दिँदा घरपरिवारको दुःख नाश हुने र सुखशान्ति प्राप्त हुने विश्वासले आउने गरेको म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौरकी नानु बुढाथोकीले बताउनुभयो। पछिल्लो समय पशुबलिको तुलनामा फलफूल चढाउने संस्कृति विकास हुँदै गएको छ। पशुबलि दिने चलन पनि अन्त्य भइनसकेको स्थानीय नन्दप्रसाद घिमिरेले बताउनुभयो।

कालभैरवमा पर्वत, म्याग्दी, स्याङ्जा, पाल्पा, नवलपुर, कास्की, तनहुँ, लमजुङ, गुल्मी, प्यूठान, अर्घाखाँची, काठमाडौँ, चितवनलगायत जिल्लाबाट दर्शनार्थी आउने गरेका छन्।

# छाब्दी बाराही मन्दिरमा परेवा लैजान रोक

पोखरापत्र संवाददाता
तनहुँ, २८ साउन

तनहुँको व्यास नगरपालिका-१४ मा अवस्थित छाब्दी बाराही मन्दिरमा परेवा लैजान रोक लगाइएको छ। छाब्दी बाराही विकास कोष तनहुँले निर्णय गरी अनिश्चितकालका लागि परेवा प्रवेशमा रोक लगाउने निर्णय गरेको हो। छाब्दी मन्दिरमाउडाउँदैआइएकोतराईका परेवाबाट विभिन्न किसिमका रोग लागेर मन्दिर परिसरमा रहेका परेवासमेत मर्न थालेपछि परेवा लैजान रोक लगाएको हो। परेवा मर्ने र फोहोर मैला पनि बढ्दै गएकाले सरसफाइलाई मध्यनजर गर्दै उक्त निर्णय गरी परेवामा रोक लगाइएको कोषका अध्यक्ष मानबहादुर थापाले जानकारी दिनुभयो। कोषले अर्को सूचना जारी नगर्दासम्म परेवा लैजान रोक लगाइएको अध्यक्ष थापाले बताउनुभयो।

उक्त मन्दिरमा पुग्न सदरमुकाम दमौलीबाट करिब सात किलोमिटर पूर्वदिशामा पर्दछ। भाकल गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वासका साथ विभिन्न जिल्लाबाट भक्तजन पूजाअर्चनाका लागि छाब्दी बाराही मन्दिरमा आउने गर्दछन्।

# राहुघाट पहिरो नियन्त्रणका लागि डिपिआर तयार

पोखरापत्र संवाददाता
म्याग्दी, २८ साउन

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ राहुघाटको बस्ती, सडक र पुललाई जोखिम बनाएको पहिरो नियन्त्रण गर्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको छ।

भू-तथा जलाधार संरक्षण कार्यालयले पहिरो नियन्त्रण योजना सञ्चालनका लागि डिपिआर तयार पारेको हो। कार्यालयका सहायक भूसंरक्षण अधिकृत शम्भुकुमार मिश्रले रु दुई करोड ३४ लाखको लागत अनुमानसहित डिपिआर तयार गरिएको जानकारी दिनुभयो।

"भू-गर्भविद्हरुको टोलीले चार चरणमा स्थलगत अध्ययन गरेर तयार पारेको डिपिआर यसै वर्षदेखि कार्यान्वयन गर्दैछौँ", उहाँले भन्नुभयो, "आकस्मिक भू-तथा पहिरो नियन्त्रण कार्यक्रममार्फत राहुघाटको पहिरो रोकथाम गर्ने योजना छ।" नाली बनाएर भल व्यवस्थापन गर्ने, गल्छी संरक्षण र वृक्षरोपण गरेर बायो इञ्जिनीयरिङ गरिने अधिकृत मिश्रले बताउनुभयो। राहुघाट सल्लेरी वनको पाखोबाट खस्ने पहिराका कारण ३० घरधुरीको बसोबास रहेको राहुघाट बस्ती जोखिममा परेको स्थानीय लक्ष्मण चालिसेले जानकारी दिनुभयो। यो पहिराका कारण म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकमा सवारी साधन आवतजावतमा समस्या भएको छ। गलेश्वर-पिप्ले-भगवती-बेगखोला सडक आयोजना निर्माणका क्रममा तीन वर्षअघि सडक विस्तार गरिएपछि करिब ६० मिटर लामो र ५० मिटर चौडा पाखो बग्न थालेको थियो। कमजोर भू-धरातल भएको पाखोमा डोजर चलाएर सडक खनिएको मूलको पानीले भेल आएको र नजिकै राहुघाट जलविद्युत् आयोजनाको सुरुङ निर्माणका लगि बिस्फोटक पदार्थ पड्काउँदा भएको कम्पनले पहिरो आएको थियो। एक वटा घर पहिराले भत्किएको छ। बर्खामा ठूलो पानी पर्दा राहुघाटका बासिन्दा गलेश्वर, घुमाउने ताल, तिल्लेनी र गायत्री मन्दिरमा गएर सुत्ने गरेका छन्। पहिरो गएपछि गलेश्वर-पिप्ले खण्डको करिब तीन किलोमिटर सडक निर्माण रोकेर घुमाउनेताल-पिप्ले वैकल्पिक सडक प्रयोगमा ल्याइएको छ।

# देशले संस्कृत भाषा बिर्सने दिन आउन नहुनेमा विज्ञको जोड

रासस
काठमाडौं, २८ साउन

नेपाल भूमिबाट उत्पत्ति भएको संस्कृत भाषाप्रति विभिन्न देशमा आकर्षण बढेका बेला देशमै भने यसको महत्व बिर्सने अवस्था आउन नहुनेमा जोड दिइएको छ।

पाँचौँ विश्व संस्कृत दिवसका अवसरमा पद्मकन्या क्याम्पस संस्कृत, पत्रकारिता र हिन्दी विभाग, भारतीय राजदूतावास विवेकानन्द सांस्कृतिक केन्द्रको संयुक्त आयोजनामा भएको कार्यक्रममा नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रका पूर्वकार्यकारी निर्देशक प्रा डा काशीनाथ न्यौपानेले संसारकै प्राचीन भाषा संस्कृत आज पनि मानव मात्रका लागि उपयोगी रहेको बताउनुभयो।

वेद, उपनिषद्, पुराणलगायत महत्वपूर्ण ग्रन्थ संस्कृत भाषामै रहेकाले यसको अध्ययन अनुसन्धानमा ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो। प्राचीनकालमा वानर, दानव सबैले संस्कृतमा बोल्ने गरेको उल्लेख गर्नुहुँदै न्यौपानेले निरन्तर अभ्यास गर्नेका लागि संस्कृत सरल र सहज भाषा भएको जानकारी गराउनुभयो।

विभागका संस्कृत प्राध्यापक एवं कार्यक्रम संयोजक डा सुबोध शुक्लाले जापान, भारतलगायत विदेशी विद्यार्थीसमेत पद्मकन्या क्याम्पसमा आएर पढिरहेको बताउनुहुँदै नेपालीको आकर्षणका रूपमा संस्कृत भाषा अघि जाने विश्वास व्यक्त गर्नुभयो।

विभागीय प्रमुख ज्ञाननिष्ठ ज्ञवालीले संस्कृत भाषा सबैका लागि भएको बताउनुहुँदै कुनै जाति विशेषका लागि मात्र नभएको सुनाउनुभयो। विवेकानन्द सांस्कृतिक केन्द्रका निर्देशक डा आशावरी वापटले विश्व संस्कृत दिवसका कार्यक्रमले विश्वमै यसको महत्व स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

# टानमा त्रिपक्षीय प्रतिस्पर्धा

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

पर्वतीय पर्यटन व्यवसायीहरुको छाता सङ्गठन ट्रेकिङ एजेन्सिज एसोसिएशन अफ नेपाल (टान) को निर्वाचनमा तीन व्यवसायीबीच चुनावी प्रतिस्पर्धा हुने भएको छ।

यही साउन ३० गते नयाँ कार्यसमिति चयनका लागि हुने निर्वाचनमा पर्यटन व्यवसायीहरु नीलहरि बास्तोला, कमल सापकोटा र बोधराज भण्डारीले प्यानलसहित उम्मेदवारीमनोनयन गराउनुभएको छ। अध्यक्षका प्रत्याशीमध्ये बास्तोला र सापकोटाले व्यवसायीसँग छलफल र चुनावी प्रचार-प्रसारलाई तीव्रता दिनुभएको छ। स्वतन्त्र उम्मेदवारका रुपमा मनोनयन गराउनुभएका भण्डारी पनि चुनावी एजेन्डासहित व्यवसायीमाझ पुगिरहनुभएको छ। तीनैजना उम्मेदवारले टानलाई व्यवसायमैत्री संस्थाका रुपमा स्थापित गराउने बताएका छन्। अध्यक्षका प्रत्याशी बास्तोलाले व्यवसायीले खोजेजस्तो टान बनाउने जानकारी दिनुभयो। आफ्नै समूहको उम्मेदवार परिचयात्मक कार्यक्रममा उहाँले टान व्यवसायमैत्री नभएको गुनासो बढिरहेको सन्दर्भमा यसलाई वास्तविक व्यवसायीको संस्थाका रुपमा स्थापित गर्न पहल गर्ने प्रतिबद्धता जनाउनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. २००३/०१/१८ गते

स्वर्गारोहणः
वि.स. २०७९/०४/२३ गते

स्व. चन्द्रकली आचार्य

यस फेवा बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-५ जिरो कि.मी. का संस्थापक अध्यक्ष गजाधर पाध्य, लेखा समिति सदस्य कुलराज शर्माकी आमा, प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेल, प्रबन्धक जगन तिमिल्सिनाकी सासुआमा, शेयर सदस्यहरु शोभाकान्त शर्मा, रुपा कुमारी शर्मा (पौडेल), गंगा कुमारी शर्मा (तिमिल्सना), कुशुम देवकोटा, केशव शर्माकी ममतामयी आमा तथा शेयर सदस्यहरु रमा आचार्य, इश्वरी आचार्य, माया आचार्य, विन्दु आचार्य, शर्मिला आचार्यकी सासुआमा एवं यस संस्थाकी संस्थापक शेयर सदस्य पोखरा-१८ पोखरावेसी निवासी **चन्द्रकली आचार्य**को ७६ वर्षको उमेरमा यहि मिति २०७९/०४/२३ गते भएको असामयीक निधनले हामी सम्पूर्ण फेवा सहकारी परिवार स्तब्ध तथा मर्माहित भएका छौँ। यस दुखद घडीको आज सातौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजन, आफन्त एवं इष्टमित्रहरुमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

क्या. चन्द्र प्रसाद गुरुङ
अध्यक्ष एवं
फेवा बचत तथा ऋण सहकारी संस्था लि. परिवार
जिरो कि. मि., पोखरा-५